श्री सचिव,

आर्थिक मामिला तथा योजना मन्त्रालय।

मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश सरकार
प्रदेश नं.५
बुटवल, नेपाल

सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ को पहिलो संशोधन स्वीकृत गर्ने विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं.३/१५-२०७६ मिति २०७६।१२।०९ को प्रस्ताव प्र.मं.प.बै.सं. ३२/२०७६, मिति २०७६।१२।१० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायबमोजिम निर्णय गरेकाले सो अनुसार कार्यान्वयन हुन प्रदेश नं. ५, प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ३५ को उपनियम (२) बमोजिम अनुरोध गरेको छु-

<u>प्रदेश सरकारको निर्णय-</u>

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

२०७६।१२।१०

(तोयनारायण ज्ञवाली)
प्रमुख सचिव

प्र.म.प. सचिव

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

## सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ को पहिलो संशोधन प्रस्ताव

सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ बमोजिम, प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यो नियमावलीको नाम "सार्वजनिक खरिद सम्वन्धी प्रदेश (पहिलो संशोधन) नियमावली, २०७६ रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ मा नियम ४क.थप-, सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ को नियम ४ पछि देहायको नियम ४क. थप गरिएको छ।

" ४क. मूल्याङ्कन सम्बन्धी विशेष व्यवस्थाः (१) प्रचलित कानून बमोजिमको बोलपत्र मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा एकल वा संयुक्त उपक्रममा प्रस्ताव पेश गर्ने कुनै बोलपत्रदाता, सिलवन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालक उपर भ्रष्टाचारको कसुरमा मुद्दा दायर भए नभएको सम्बन्धमा यकिन गरी त्यस्तो मुद्दा दायर भएको देखिएमा सम्बन्धित निकायले मन्त्रालय समक्ष लेखी पठाउनु पर्नेछ।

(२) उपनियम (१) वमोजिम लेखी आएमा मन्त्रालयले त्यस्तो बोलपत्रदाता, सिलवन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकले एकल वा संयुक्त उपक्रमबाट पेश गरेको प्रस्तावलाई मूल्याङ्कन गरी सक्नु पर्ने अवधिभित्र मूल्याङ्कन प्रक्रियामा समावेश गर्न वा नगर्न निर्देशन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम निर्देशन भई आएमा मूल्याङ्कन समितिले त्यस्तो प्रस्तावलाई निर्देशन बमोजिम मूल्याङ्कन प्रक्रियामा समावेश गर्ने वा नगर्ने गरी मूल्याङ्कन प्रक्रिया सम्पन्न गर्नेछ।"

सचिव